# पुनर्वास नगरपालिकाका नगर उप-प्रमुख श्री भुलिया कुमारी रानाज्यूबाट आ.व.२०८२/०८३ को लागि प्रस्तुत गरिएको वार्षिक नीति तथा कार्यक्रम

गरिमामय नगरसभाका सभाध्यक्षज्यू, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, शाखा प्रमुख तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, पत्रकारज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा १७औं नगरसभामा हार्दिक स्वागत गर्दछु।

सर्वप्रथम म यस नगरसभाको महत्वपूर्ण घडीमा नेपालको व्यवस्था परिवर्तनका लागि बिभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, लोकतान्त्रिक आन्दोलनहरुमा देशका लागि आफ्नो प्राण आहुती गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्नुका साथै शहीद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्न चाहन्छु। राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नुहुने नेपाली नागरिक र सोको नेतृत्व गर्नुहुने शिखर ब्यक्तित्वहरुप्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु।

गरिमामय नगरसभाका सभाध्यक्षज्यू लगायत सम्पूर्ण सदस्यज्यूहरु,
निर्वाचन मार्फत पुनर्वास निवासी जनताले दिएको जिम्मेवारी सदैव मन, बचन र कर्मले निस्वार्थ रही हाम्रो स्रोत/साधनको उपलब्धताका आधारमा पुरा गर्ने प्रतिवद्धता ब्यक्त गर्नुका साथै पुनर्वासको सर्वाङ्गीण विकासका लागि सदैव यहाँहरुको साथ र सहयोगका साथै सकारात्मक सुझाव/सल्लाहको समेत अपेक्षा गर्दछु।

श्रद्धेय नगरसभाका अध्यक्ष एवं नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,
यस पुनर्वास नगरपालिकाको सत्रौं नगरसभा समक्ष पुनर्वास नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा वजेट पेश गर्न पाउँदा हर्षित हुनुका साथै यसको पूर्ण कार्यान्वयन हुने कुरामा बिश्वस्त समेत छौं। बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा बहुजातिलेयुक्त सुदूर-पश्चिम प्रदेशको छुट्टै पहिचान बोकेको पुनर्वास नगरपालिकाको चौतर्फी विकासमा प्रत्यक्ष/परोक्ष सहयोग र सर्मथन गर्नुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार प्रकट गर्दछु।

नेपालको संविधानको अनुसूची ८ मा रहेका स्थानीय तहको एकल अधिकारका सूची अन्तर्गत २२ वटा र अनुसूची ९ मा रहेका १५ वटा साझा अधिकारका सूची, नेपाल सरकारको सोह्रौं आवधिक योजना, नेपाल सरकार तथा प्रदेश सरकारले घोषणा गरेको आगामी आ.व. ०८२/०८३ को बजेट तथा कार्यक्रम, क्षेत्रगत मन्त्रालयको नीति तथा कार्यक्रम, दिगो विकासको लक्ष्य, नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको १० वर्षे रणनीतिक योजना, राष्ट्रिय प्रतिबद्धताहरु, अन्तर्राष्ट्रिय स्तरमा गरिएका सन्धि/सम्झौताहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र यस पुनर्वास नगरपालिकाको

नीति तथा कार्यविधिहरुका साथै बिभिन्न श्रोतहरुबाट प्राप्त सुझाबहरुलाई समेत आधार मानी आगामी आ.व. ०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ। तयार भएको नीति, कार्यक्रम तथा बजेट यस गरिमामय नगरसभा समक्ष पेश गर्ने अनुमति चाहन्छु।

## सर्वप्रथम चालु आ.व.२०८१/०८२ को हालसम्मको मुख्य प्रगति समिक्षा बुंदागत रूपमा प्रस्तुत गर्न चाहन्छुः-

१६औं र १७ औं नगरसभाबाट आ.व.२०८१/०८२ का लागि नेपाल सरकार, प्रदेश सरकार र आन्तरिक श्रोत गरी नगरपालिकाको सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम रू. ८८,९४,७६,०००/- मा नेपाल सरकार तथा प्रदेश सरकारको थप सशर्त अनुदान प्राप्त भई हालसम्ममा कुल ९० करोड ५८ लाख ०४ हजार विनियोजन भएको मध्ये ४७,५०,१२,०१३.५१ (अक्षरेपी सतचालिस करोड पचास लाख बाह्र हजार तेह्र रुपैया एकाउन्न पैसा) अथवा कुल वजेटको ५३.७३% खर्च भएको छ। चालु आ.व. ०८१/०८२ को जेष्ठ मसान्तसम्मको खर्चको अवस्थालाई विश्लेषण गर्दा अधिकांश आयोजनाहरु सम्पन्न भै भुक्तानीको चरणमा रहेकोले चालु आ.व.को असार मसान्त सम्ममा कुल आयको लगभग ७५% देखि ८०% खर्च हुने अनुमान गरिएको छ।

चालु आ.ब. २०८१/२०८२ को जेष्ठ मसान्त सम्मको वास्तविक आय तपसिल अनुसार रहेको छः-

तपसिल

| सि नं | स्रोत समूह | स्रोत | प्रस्तावित आय | हाल सम्मको आय |
|---|---|---|---|---|
| १ | संघीय सरकार | समानिकरण | १४,९३,००,००० | १३,६९,९७,६८० |
| २ | प्रदेश सरकार | समानिकरण | १,४१,४५,००० | १,४१,४५,००० |
| ३ | संघीय सरकार | राजस्व बाँडफाड | १३,०८,००,००० | १०,२०,२४,७९४.३३ |
| ४ | प्रदेश सरकार | राजस्व बाँडफाड (सवारी साधन) | १,०१,३३,००० | ८५,१५,००५.७७ |
| ५ | आन्तरिक आय | राजस्व संकलन | ३९०,००,००० | २,९१,८१,०१४.५४ |
| ६ | स्थानीय राजस्व बाँडफाँड | घर जग्गा रजिष्ट्रेशन | १,३०,००,००० | ६,८६,०६,७५५ |
| ७ | संघीय सशर्त अनुदान | सशर्त चालु /पूंजीगत | ३१,५७,७१,००० | २८,४५,७९,७५० |
| ८ | प्रदेश सरकार | सशर्त अनुदान | १,३८,५५,००० | ४,४४,२८० |
| ९ | संघीय सरकार | विशेष अनुदान | ३,५०,००,००० | २,५८,२७,७१५ |
| १० | प्रदेश सरकार | विशेष अनुदान | ३५,००,००० | १०,६१,५६५ |

| | | | | |
|---|---|---|---|---|
| ११ | संघीय सरकार | समपुरक अनुदान | २,१८,००,००० | ० |
| १२ | प्रदेश सरकार | समपुरक अनुदान | ९५,००,००० | ५३,६०,९५४ |

आन्तरिक आयतर्फः चालु आ.व. २०८१/०८२ मा ३९०,००,००० तीन करोड नब्बे लाख (अ.ल्या. बाहेक) आन्तरिक आय अनुमान गरिएकोमा चालु आ.व. २०८१/०८२ को हालसम्ममा सम्पत्तिकर, व्यवसाय कर, घर वहाल कर, घर रजिष्ट्रेशन कर, सेवा शुल्क, दस्तुर, सम्पत्ती बाँडफाँड र अन्य गरी कुल रु.२,९१,८१,०१४.५४ (अक्षरेपी दुई करोड एकानब्बे लाख एकासी हजार चौध रुपैया चवन्न पैसा) आम्दानी भएको छ, जुन हाम्रो अनुमानको ७४.८२ प्रतिशत हुन आउँछ। यसरी हेर्दा राजस्व अनुमानको ८५ देखि ९० प्रतिशत रकम उठ्न सक्ने अनुमान गरिएको छ।

## चालु आर्थिक वर्ष २०८१/०८२ को हालसम्मको विषयगत क्षेत्रको प्रगति विवरण

| क्र. सं. | विषयगत क्षेत्र | विनियोजन रकम | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७,८५,५५,०००/- | २,९३,४५,३९८।- | ३७.३६% |
| २ | सामाजिक विकास | ३४,४६,२३,०००/- | २२,५०,६३,२५०.३० | ६५.३१% |
| ३ | पूर्वाधार विकास | २६,५८,१२,०००/- | १०,६६,४४,१४५.३८ | ४०.१२% |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,७१,८२,०००/- | ६६,६१,६५८/- | ३८.७७% |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १९,९६,३२,०००/- | १०,७२,९७,५६१.८३ | ५३.७५% |
| | कुल जम्मा | ९०,५८,०४,०००/- | ४७,५०,१२,०१३.५१ | ५३.७३% |

## <u>प्रगति समिक्षाः</u>

**चालु आ.व. ०८१/०८२ मा सम्पादित मुख्य-मुख्य कामहरुः-**

- ५० प्रतिशत अनुदानमा एक वडा एक उत्पादन पकेट कार्यक्रम अन्तरगत २९३ कृषक समूह लाभान्वित भएको।
- ५० प्रतिशत अनुदानमा च्याउको बिउ वितरण कार्यक्रमबाट २२३ जना कृषक लाभान्वित भएको।
- ५० प्रतिशत अनुदानमा बगरखेती कार्यक्रमबाट १५० जना कृषक लाभान्वित भएको र हाइब्रिड तरकारीको बिउ वितरण कार्यक्रमबाट २५० जना कृषक लाभान्वित भएको।

- नगरपालिका भित्रका मेडिकल उपचार तथा माईनर सर्जिकल मार्फत साना ठूला गरी ३८३५२ पशुपन्छीहरुको उपचार गरिएको।
- गाई/भैंसी तथा बाख्राको कृत्रिम गर्भाधान कार्यक्रम मार्फत ३१८३ वटाको कृत्रिम गर्भाधान गरिएको।
- नगरपालिका भित्रका भुस्याहा तथा घरपालुवा गरी १२५० वटा कुकुरलाई रेविज बिरुद्वको खोप दिइएको।
- यस नगरपालिकाका ४००० वटा  ठूला पशुहरुलाई खोरेत बिरुद्वको खोप दिइएको।
- भूमिहीन दलित, भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको पहिचान र प्रमाणीकरणको कार्य प्रारम्भ गरिएको।
- भूमि समस्या समाधानको लागि विगतका आयोग, समिति तथा कार्यदलहरुका बाँकी काम सप्पन्न गर्ने प्रयोजनार्थ जग्गा धनीलाई अपुग कागजात पेश गर्न सूचित गरिएको ।
- सहकारी संस्थाको ५० प्रतिशत लागत सहभागितामा १० वटा सहकारी संस्थामा मेशिनरी औजार खरिद गरी हस्तान्तरण गरिएको।
- साविक बमोजिम यस वर्ष पनि यस नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता भएको नगरपालिका घोषणा गरिएको।
- वडा नं ११ र १० लाई पायक पर्ने गरी सुविधा सम्पन्न बर्थिङ्ग सेन्टर निर्माण गरिएको ।
- तीनवटा सामुदायिक विद्यालयमा ICT सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला तथा पुस्तकालय स्थापना गरिएको।
- आधारभूत तह कक्षा (१-८) का लागि निर्माण गरिएको स्थानीय पाठ्यक्रममा आधारित हाम्रो पुनर्वास नामक विषयको पाठ्यपुस्तक कक्षा (६-८) लेखनकार्य तथा छपाई कार्य भई विद्यालयमा वितरण भइसकेको र कक्षा (१-५) को मस्यौदा लेखनकार्य पुरा भई छपाईको क्रममा रहेको ।
- विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउने उद्देश्यले ईच्छुक शिक्षकहरुको ५० प्रतिशत लगानीमा सामुदायिक विद्यालयका माध्यमिक तहमा अध्यापन गर्ने २८ शिक्षकहरुका लागि One laptop per Teacher  कार्यक्रमबाट ल्यापटप वितरण गर्ने कार्य गरिएको।
- गत वर्ष सामुदायिक विद्यालयमा IT स्रोत शिक्षकहरु र कक्षा ६-८ मा विज्ञान तथा प्रविधि विषय अध्यापन गर्ने २० शिक्षकहरुका लागि IT सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको।
- विद्यालयमा भौतिक विकास तथा कक्षा कोठा व्यवस्थापनका लागि यस वर्ष ४ वटा विद्यालयमा नेपाल सरकार, स्थानीय तह तथा Buildon को साझेदारीमा चारकोठे भवन निर्माण कार्य भइरहेको।

- ❖ उद्यम विकास कार्यक्रम मार्फत १९ जना प्रशिक्षार्थीहरुलाई एडभान्स ब्युटिपार्लर तालिम र २१ जना प्रशिक्षार्थीहरुलाई राना थारु घंघरीया अंगीया सिप विकास तालिम १६ जना प्रशिक्षार्थीहरुलाई मोटरसाईकल मर्मत सिप विकास तालिम तथा ४९ जना प्रशिक्षार्थीहरुलाई दुना-टपरी सिप विकास तालिम दिइएको।
- ❖ बिभिन्न २ वटा समूहका ५३ जना उद्यमीहरु लाभान्वित हुने गरी आवश्यक मेशिन खरिद गरी हस्तान्तरण गरिएको।
- ❖ हालसम्म नगरपालिकाको न्यायिक समितिमा प्राप्त कुल १५९ वटा उजुरीहरुमध्ये १४३ वटा उजुरीहरु मेलमिलाप मार्फत फछ्र्यौट गरिएको।
- ❖ नगरपालिकाको भौतिक प्रगति तर्फ गत आ. व. ०८०/८१ का निरन्तर योजना अन्तर्गतका ७ वटा योजना मध्ये ५ वटा योजना सम्मपन्न भैसकेको र चालु आ. व. ०८१/८२ मा कुल २९ वटा ठेक्का खोलिएकोमा २७ वटा योजनाको सम्झौता भई ८ वटा योजना सम्पन्न समेत भैसकेको।
- ❖ चालु आ. व. मा कुल ८० वटा निर्माण कार्य उपभोक्ता समिति मार्फत हुने गरी सम्झौता भएकोमा हालसम्म ३५ वटा योजनाको निर्माण कार्य सम्पन्न भएको अवस्था छ।

## बजेटका प्राथमिकताका क्षेत्रहरुः-

१. आर्थिक विकास (कृषि, पशु, सहकारी, उद्योग बाणिज्य र पर्यटन विकास, लघु उद्यम विकास)
२. सामाजिक विकास (शिक्षा, स्वास्थ्य, महिला विकास, बालबालिका, न्याय क्षेत्र, ज्येष्ठ नागरिक, अपाङ्ग, दलित, आदिबासी, जनजाति)
३. वन, वातावरण, सरसफाई तथा फोहोरमैला व्यवस्थापन
४. स्थानीय सुशासन, विद्युतीय DIZITAL शासन प्रणाली
५. प्राकृतिक तथा मानवीय विपद व्यवस्थापन
६. छिटो प्रतिफल दिने तथा दिगो विकासका लक्ष्यहरुलाई समेट्ने क्षेत्रहरु।

## आ.व. ०८२/०८३ मा पुनर्वास नगरपालिकाले अवलम्वन गर्ने नीति, कार्यक्रम तथा बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छनः-

१. नगर क्षेत्रभित्र रहेका श्रोत, साधन, अवसरको उच्चतम उपयोग गरी दिगो र उत्पादनशील रोजगारी सिर्जना गर्ने,
२. नगर क्षेत्रभित्र हुने लैङ्गिक, सामाजिक, धार्मिक, जातीय विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य समाजको निर्माण गर्ने,

३. नगर क्षेत्रभित्रका विविध जातजाति, धर्म, संस्कृति, चालचलन, रीतिरिवाजका साथै धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण सम्बर्धन गरी पर्यटन पूर्वाधार निर्माण गर्ने,
४. नगर क्षेत्रभित्रका मूल सडक तथा सहायक सडकहरुको स्तरोन्नती, मर्मत संभार गरी बाह्रै महिना सञ्चालन हुने व्यवस्था मिलाउने,
५. आम नगरबासीका न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्दै, गरीबी र पछौटेपनको अन्त्य गर्ने,
६. ब्यवसायिक सिपको विकास गरी उद्यमशीलता प्रबर्धन गर्ने,
७. आर्थिक, सामाजिक, राजनीतिक बञ्चितिकरणमा परेका समुदायको उत्थानमा बिशेष कार्यक्रम सञ्चालन गर्ने,
८. आम नगरबासीहरुलाई आधारभूत स्वास्थ्य सेवा र शिक्षामा पहुँच सुनिश्चित गर्ने,
९. आधुनिकीरण, यान्त्रिकरण, बिबिधिकरण, व्यवसायीकरण र बजारीकरण मार्फत कृषि क्षेत्रको विकासलाई जोड दिने,
१०. स्थानीय सुशासन कायम गर्न विद्युतीय शासन प्रणालीको अंगीकार गर्दै नगरवासीहरुलाई प्रदान गरिने सेवा प्रवाहमा सहजताका लागि एकद्वार सेवा प्रणाली **(One Stop Service Delivery System)** पूर्ण रुपमा लागू गर्दै Move datd, No people को आधूनिक अन्तर्राष्ट्रिय मान्यतालाई आत्मसात गर्ने,
११.शान्ति सुरक्षा तथा अमनचयनका साथै अपराध न्यूनीकरण र नियन्त्रणका लागि सम्भाबित जोखिम युक्त स्थानहरुमा **CCTV** क्यामरा जडान कार्यमा प्राथमिकता दिने,
१२.पशुपन्छी क्षेत्रलाई ब्यवसायीकरण र आधुनिकीकरण गरी दूध, मासु तथा अण्डामा नगरपालिकालाई आत्मनिर्भर बनाउने।

आदरणीय नगरसभाका अध्यक्षज्यू, नगरसभाका सदस्यज्यूहरु,

अव म आ.ब. २०८२/०८३ मा पुनर्वास नगरपालिकाले क्षेत्रगत रुपमा अवलम्वन गर्ने नीति तथा कार्यक्रमलाई प्रस्तुत गर्न चाहन्छु।

## आर्थिक विकास क्षेत्र

**कृषि क्षेत्र :**

- निर्बाहमुखी कृषि प्रणालीलाई प्रतिस्थापन गरी आधूनिक तथा ब्यवसायिक कृषि प्रणाली अवलम्बन गर्न कृषकलाई प्रोत्साहन गरिनेछ।

- उपलब्ध स्थानीय स्रोत, श्रम, सिप र पूँजिको उच्चतम प्रयोग गरी कृषिको व्यवसायीकरण र यान्त्रिकरणको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य अधिकार सहितको खाद्य सुरक्षा सुनिश्चित गरिनेछ।
- बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ।
- एक वडा एक कृषि उत्पादन कार्यक्रमको अवधारणा अनुरुप बिभिन्न संघ/संस्थाहरुसँगको सहकार्यमा सम्भावनाको आधारमा एक वडा एक कृषि उत्पादन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- कृषिको आधुनिकीकरणका लागि विद्युतीय सिंचाई तथा आधुनिक कृषि औजारहरुमा अनुदानको व्यवस्था गर्ने नीति लिइनेछ।
- वास्तविक कृषकहरुको तथ्याङ्क सङ्कलन गरी कृषक पहिचान कार्यक्रम लागू गर्नुकासाथै कृषि बिमा कार्यक्रममा जोड दिईनेछ।
- कृषकहरुलाई स्थानीय आवश्यकता तथा मागका आधारमा ब्यवसायिक कृषि तालिम प्रदान गरिनेछ ।
- उत्पादित वस्तुको बजारीकरण गर्न नगरपालिकाद्वारा सम्बन्धित निकाय तथा क्षेत्रमा समन्वय गरिनेछ।
- माटो परीक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- अर्गानिक खेती प्रणालीको प्रवद्धन गर्न कृषि उत्पादनमा  प्राङ्गारिक मलको प्रयोग गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।
- मुक्त कमैया, मुक्त हलिया, एकल तथा दलित महिला लगायतको जीवनस्तर सुधारका लागि मागका आधारमा आयआर्जनका कार्यक्रमहरु छनौट गरी सञ्चालन गर्ने प्रबन्ध मिलाईनेछ।
- कृषि प्रविधि र बजार मूल्य सम्बन्धी सूचना प्रणाली **(Agricultural Information System)** लाई थप प्रभावकारी बनाईनेछ।
- नगरपालिका क्षेत्रका सम्भावना बोकेका खाद्य बस्तुहरुको आधुनिकीकरण तथा ब्यवसायीकरण गर्दै धान, गहुँ, मकै, मसुरो, आलु, मौरीपालन र च्याउखेतीलाई बिस्तार गर्न मुल बीउ तथा उन्नत बीउ अनुदानमा बितरण गर्ने व्यवस्था मिलाईनेछ।
- कृषि उपज बजार तथा सङ्कलन केन्द्र एवं शीत भण्डारको निर्माण कार्यलाई तीब्रता दिइनेछ।
- खेतीयोग्य जमिनलाई बाँझो राख्ने प्रवित्तिलाई निरुत्साहित गर्दै दिगो विकासको योजना बनाई बिभिन्न प्रकृतिका फलफूलको बगैंचा, केरा खेती तथा उखु खेती सम्बन्धी अनुदान कार्यक्रमको बिस्तार गरिनेछ।
- कृषिमा आधारित उद्योगहरु स्थापना गर्न आवश्यक पहल गरिनुका साथै कृषि पर्यटनको विकासमा युवा कृषकलाई आकर्षित गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ।
- उत्पादित बस्तुहरुलाई बजारीकरणका लागि पायक पर्ने ठाउँहरुमा हाटबजार तथा सङ्कलन केन्द्र स्थापना तथा विस्तार गरिनेछ।

- समग्र कृषि क्षेत्रको विकास गरी नगरपालिकालाई समृद्ध बनाउनको लागि अल्पकालिन तथा दीर्घकालिन योजनाहरु तयार गरी कार्यान्वयनमा ल्याईनेछ।
- व्यवसायिक कृषि फर्म सञ्चालन गरी कृषि कर्ममा अग्रपङक्तिमा रहेका कृषकहरुका लागि प्रोत्साहनमूलक कार्यक्रम लागू गरिनेछ।
- नगरपालिका क्षेत्र भित्र सम्भावना बोकेका कृषि उत्पादन र हरितग्रामको विकास गर्न तरकारी, खाद्यान्न, आलुबाली, फलफूल खेती, बीमा सम्बन्धी समूह परिचालन तथा स्थलगत घुम्ती तालिम सञ्चालन गरिनेछ।
- नेपाल सरकार र प्रदेश सरकारको समन्वय तथा सहयोगमा बाली तथा कृषि बस्तुहरुलाई सम्भावना र उत्पादनको आधारमा पकेट, ब्लक, जोन तथा सुपरजोन जस्ता कृषि उत्पादन केन्द्रहरुको विकास/विस्तार गरिनेछ।
- हरेक टोल र बस्तीहरुमा गठित कृषक समूह, वडा तथा नगरपालिकामा गठित कृषक समन्वय समितिलाई क्रियाशील बनाइनेछ।
- उत्पादन र उत्पादकत्व बढाउन विद्युतीय सिंचाई कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- उत्पादन सम्भाव्यताका आधारमा नगरपालिकामा आलु तथा प्याज पकेट क्षेत्र घोषणा गरी आलु तथा प्याजको उत्पादन र उत्पादकत्व बढाई निर्यात गर्ने नीति लिइनेछ।

## पशु विकास क्षेत्र :

- पशुपन्छीमा लाग्ने बिभिन्न रोग तथा जोखिम न्यूनीकरण गर्न बिभिन्न चेतनामुलक कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पशु विकास शाखाबाट प्रदान गरिने अनुदानका कार्यक्रमहरुमा पशु बिमा अनिवार्य गरिने नीति अवलम्बन गरिनेछ।
- पशु नश्ल सुधारको लागि कृत्रिम गर्भाधान गर्न तरल नाइट्रोजन, जमेको वीर्य लगायतका सेवा तथा सामग्रीको व्यवस्थापनलाई थप प्रभावकारी बनाउदै लगिनेछ। सोको लागि गाई, भैंसी र बाख्रामा कृत्रिम गर्भाधान कार्यक्रमको निरन्तरता, क्षेत्र विस्तार, प्राविधिकको दक्षता वृद्धि र आवश्यक उपकरणको उपलब्धतामा ध्यान दिईनेछ।
- कृषकहरुको सीप विकास गर्न ब्यावसायिक तालिम सञ्चालन गरी दूध, माछा, मासु र अण्डामा आत्मनिर्भर हुने नीति अवलम्वन गरिनेछ।
- बजारको माग र कृषकको आवश्यकताका आधारमा कृषकहरुका लागि सिपमूलक र आयमूलक तालिम तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- पशु स्वास्थ्य प्रभावकारी बनाउनका निम्ति गोबर परीक्षण, पिशाव परीक्षण, दुग्ध तथा रगत परीक्षणका लागि प्रयोगशाला निर्माण तथा उपचार कक्ष सुधार कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

- रेविज रोग उन्मूलनका साथै बिभिन्न रोगहरु बिरुद्ध खोप कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- सामुदायिक कुकुरको बन्ध्याकरण कार्यक्रमलाई अगाडि बढाउन पहल गरिनेछ।
- विदेशबाट फर्केर स्वदेशमा नै पशुपन्छी पालन गरी स्वरोजगार सृजना गर्ने ब्यक्ति वा समूहलाई नेपाल सरकार र प्रदेश सरकारको सहयोग तथा समन्वयमा पशुपन्छी पालनमा अनुदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- पशुपन्छी आहारको दिगो व्यवस्थापनका लागि तालिम, औजार, उपकरण वितरण कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- मत्स्यपालन व्यवसाय प्रबर्धनका लागि नयाँ पोखरी निर्माण तथा  पुराना पोखरीहरु मर्मतको, कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- पशु संकलन केन्द्र, हाट बजार, पशु बधशाला थोक बजार स्थापना र सञ्चालन गर्न निजी तथा सहकारी संस्थाहरुको समेत सहभागितामा कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- नगर क्षेत्रभित्र रहेका फ्रेश हाउस, पशु बधशाला, पशु आहार उद्योग, औषधी पसल, डेरी उद्योगहरुको गुणस्तर तथा आधूनिकीकरणका लागि अवलोकन, भ्रमण, क्षमता अभिवृद्धि, अनुगमन तथा नियमन कार्यक्रमलाई थप ब्यवस्थित गरिदै लगिनेछ।
- जेनेटिक रोगहरुको बारेमा जनचेतनामुलक कार्यक्रमहरु गरिनेछ।
- पशु विकास शाखाका सेवा केन्द्रहरुमा सेवा लिन नसकेका क्षेत्रहरुमा पशु स्वास्थ्य तथा बाँझोपन निवारणका लागि घुम्ती शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**संस्कृति तथा पर्यटन क्षेत्र :**

- नगर क्षेत्रभित्रका बिभिन्न मठ मन्दिर, गुम्बा, चर्च लगायतका अन्य धार्मिक सांस्कृतिक तथा पर्यटकीय क्षेत्रहरुको पूर्वाधार विकास गरी पर्यटन क्षेत्रको प्रबर्धन गरिनेछ।
- पुनर्वास नगरपालिकामा बसोबास गर्ने आफ्नै मौलिक संस्कृति भएका बिभिन्न जातजातिका रीतिरिवाज, भेषभुषा र संस्कृतिको  जगेर्ना तथा प्रबर्धन गरिनेछ।
- नगर क्षेत्र भित्र रहेका सामुदायिक वनमा पिकनिक क्षेत्र विकास गर्न आवश्यक पहल गरिने छ।
- वडा नं. १ मा रहेको राना थारु संग्रहालयलाई सञ्चालन गरी स्थानीय पर्यटकीय आकर्षक केन्द्रको रुपमा विकास गरिनेछ।
- नगरपालिका भित्र रहेका कोटीहोम, दिव्यधाम लगायतका चर्चित धार्मिक तीर्थस्थलहरु तथा प्याराताल, गमला ताल, नैंनीताल, रातोताल जस्ता पर्यटकीय स्थलहरुको विकास, सौन्दर्यकरण (Beautification) तथा प्रचार-प्रसार गरी दिगो आय आर्जनको प्रमुख स्रोतको रुपमा स्थापित गरिनेछ।

**राजस्व क्षेत्र:**

- नगरपालिकाको आन्तरिक आय बृद्धि गर्न करको दायरा फराकिलो गर्ने नीति अवलम्वन गरिनेछ ।
- राजस्व संकलनलाइ प्रभावकारी, छिटोछरितो र करदातामैत्री बनाउन वडा कार्यालयहरुबाट नै राजस्व सङ्कलन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- करदातालाई प्रोत्साहन गरी स्वैच्छिक रुपमा ***करले हैन रहरले कर बुझाउने*** परिपाटीको विकास गरिनेछ।
- राजस्व सुधार कार्य योजनालाई परिस्कृत र परिमार्जन गरी राजस्व संकलनलाई प्रभावकारी बनाउने नीति लिईनेछ।
- राजस्व संकलनलाई आधूनिक प्रविधिमैत्री बनाईनेछ।
- नगर क्षेत्र भित्र सञ्चालन गरिने बिभिन्न ब्यापार/ब्यवसायलाई अनिवार्य रुपमा दर्ता गर्ने प्रबन्ध मिलाई कर प्रणालीमा आवद्ध गरिनेछ।
- बिना दर्ता सञ्चालन भएका ब्यापार ब्यावसायहरुलाई करको दायरामा ल्याउन घुम्ती ब्यवसाय दर्ता शिबिर सञ्चालन गरिनेछ।

**उद्योग तथा वाणिज्य क्षेत्र :**

- नगरपालिका क्षेत्र भित्रका बेरोजगार नागरिकहरुको सिप बमोजिमको ब्यापार/ब्यवसाय तथा लघु उद्यम सञ्चालन गर्न आवश्यक वातावरण तयार गरिनेछ।
- सार्वजनिक तथा निजी क्षेत्र साझेदारीको अवधारणालाई विशेष जोड दिइनेछ।
- कृषि तथा पशुजन्य उद्योग सञ्चालनमा विशेष जोड दिई त्यस्ता उद्योग सञ्चालन गर्न प्रोत्साहन गर्ने निती अवलम्बन गरिनेछ।
- बेरोजगार नागरिकहरुलाई उद्यमी बनाउन मागका आधारमा बिभिन्न किसिमका रोजगारमूलक सीप तथा तालिम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, उपलब्धीमूलक बनाउन श्रम स्वीकृती लगायतमा सहजीकरण गरिनेछ।
- घरेलु तथा साना उद्योग र लघु उद्यम विकास कार्यक्रमलाई प्रवर्धन गर्ने नीति लिई कानून बमोजिम घरेलु तथा साना उद्योगहरुको दर्ता र नवीकरणको व्यवस्था मिलाईनेछ।
- स्थानीय तहमा रहेका परम्परागत सीपलाई खोजी गरी प्रबर्धन गर्दै व्यवसायिक र उद्यमशील बनाईनेछ।
- उद्योग ब्यवसायीहरुलाई आफ्नो पेशा/ब्यवसायबाट पलायन हुन नदिन आवश्यक नीति निर्माण गरी व्यावसायिक निरन्तरताका लागि प्रोत्साहन गरिनेछ।
- नगरपालिका भित्र मझौला तथा साना उद्योग स्थापना तथा सञ्चालन गर्न लगानीकर्ता तथा विकास साझेदारहरुलाई सहज लगानीको वातावरण निर्माण गर्ने नीति लिइनेछ।

## उद्यम विकासतर्फ :

- उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशीलता विकास, प्राविधिक सिप विकास तालिम, लघु वित्तमा पहुँच, उपयुक्त प्रविधिमा पहुँच तथा हस्तान्तरण, वस्तु /सेवा बजारीकरण, व्यवसाय परामर्श गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (**MEDPA**) मोडेलको आधारमा कार्यक्रम सञ्चालन गरिने छ ।
- लघु उद्यमीहरुको विकास गर्न यस नगरपालिकाको उद्यम विकास समितिले छनौट गरेका वडाहरुमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- सीप विकास तालिम लिईसकेका लघु उद्यमीहरुलाई व्यवसाय दर्ता प्रक्रियामा ल्याइनेछ।
- सीप विकास तालिम पश्चात व्यवसाय दर्ता गरेका लघु उद्यमीहरुलाई आवश्यक (मेशिन औजार, सामग्री) प्रविधि ८०% अनुदानमा हस्तान्तरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- लघु उद्यमीहरुले उत्पादन गरेका सामानहरुको बजारीकरण तथा विक्रि वितरणका लागि आवश्यक पहल गरिनेछ ।
- स्तरोन्नती गर्ने लघु उद्यमीहरुको आवश्यकता पहिचान गरी स्तरोन्नती सीप विकास तालिम सञ्चालन गरिनेछ ।
- उद्यमशीलता प्रवर्धनको लागि सिप विकास मेलाहरुको आयोजना गरिनेछ ।

## सहकारी क्षेत्र :

- स्थानीय सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम सञ्चालनमा निरन्तरता दिइनेछ।
- सहकारी संस्थाहरुलाई आधूनिक प्रबिधिमैत्री बनाउन लागत सहभागितामा उपकरण खरिद गरी उपलब्ध गराईनेछ।
- समान प्रकृतिका सहकारी संस्थाहरु एक आपसमा गाभ्ने वा एकीकरण गर्ने नीति अवलम्बन गरिनेछ।
- सहकारी संस्थाहरुसँग मागका आधारमा संयुक्त लगानीमा लागत सहभागितामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।
- सहकारी संस्थाहरुको कारोबार पारदर्शी बनाउन सहकारी संस्थाहरुले अनिवार्यरुपमा सार्वजनिक सुनुवाई गर्नुपर्ने रणनीति लिईनेछ।
- सहकारी संस्थाहरुको अनुगमन, निरीक्षण, मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाईनेछ।

- नयाँ गठन भएका र निष्क्रिय सहकारीको संस्थागत क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- सहकारीहरुले अनिवार्य रुपमा मासिक प्रगति प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरिनेछ र सहकारी संस्थाहरुमा उत्पन्न हुनसक्ने विवादको समाधानार्थ विज्ञहरु समेत रहेको समिति गठन तथा परिचालन गरिनेछ।
- सहकारी संस्थाहरुलाई आवश्यक यन्त्र उपकरण खरिदमा अनुदानलाई ब्यवस्थित गर्न कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ।
- उत्पादन, प्रशोधन र बजारीकरणमा क्षेत्रमा कारोबार गर्ने सहकारीलाई प्रोत्साहन अनुदान सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- सहकारीहरुमा अनिबार्य रुपमा लागू गर्नुपर्ने (CoPoMIS) सहकारी व्यवस्थापन सूचना प्रणाली हरेक सहकारीहरुले अनिवार्य अवलम्बन गर्नुपर्ने नीति लिइनेछ।
- बिगत लामो समयदेखि साधारणसभा र लेखापरीक्षण नगराई प्रचलित कानूनको उल्लङ्घन गरेका सहकारी संस्थाहरुलाई नियमन गर्ने र दर्ता खारेज गर्ने नीति लिइनेछ।

## रोजगारी सिर्जना:

- दक्ष तथा सक्षम जनशक्ति नगरपालिकाभित्रै उत्पादन गरी आन्तरिक रोजगारी प्रबर्धन गर्न आवश्यक सीपयुक्त तालिम सञ्चालन गरी नेपाल सरकार तथा प्रदेश सरकारको समन्वयमा बेरोजगार नागरिकहरुको लागि रोजगारीको अवसर सिर्जना गरिनेछ।
- रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाई श्रम बैङ्कको स्थापना गर्न पहल गरिनेछ।
- लोक सेवा, शिक्षक सेवा लगायतका परीक्षाको लागि तयारी कक्षा सञ्चालन गर्ने नीति लिईनेछ।
- नगरपालिकास्तरीय योजना सञ्चालन गर्दा पालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत ब्यक्तिहरुलाई उपभोक्ता समितिसँग समन्वय गरी रोजगारीमा संलग्न गराउने नीति अवलम्बन गरीनेछ।
- बेरोजगार व्यक्तिहरुलाई आयोजना सञ्चालनपूर्व प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक अभिमुखीकरणको व्यवस्था गरिनेछ।
- वैदेशिक रोजगारबाट फर्किएका ब्यक्तिहरुको सीप र दक्षताको उपयोग गर्दै स्थानीय विकासमा योगदान पुग्ने किसिमले नेपाल सरकार श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय र प्रदेश सरकार समाजिक विकास मन्त्रालयसँग आवश्यक समन्वय गरिनेछ।
- **मिसन रोजगारी कार्यक्रम** अन्तर्गत दिगो तथा उत्पादनमूलक रोजगारी सिर्जना गरी स्थानीय उद्यमशीलता प्रबर्धन गर्न निजी तथा गैर सरकारी संघ/संस्थाहरुसँगको साझेदारीमा रोजगार तथा

उद्यमशीलता प्रबर्धनका कार्यक्रम सञ्चालन गर्न स्थानीय रोजगार रणनीति निर्माण गरी कार्यान्वयन गरिनेछ।

# सामाजिक विकास क्षेत्र

## महिला, बालबालिका, अपाङ्ग तथा ज्येष्ठ नागरिक :

- हिंसाबाट पिंडित महिलाहरुको सुरक्षालाई मध्यनजर गरी त्यस्ता महिलाहरुका लागि अन्य छिमेकी स्थानीय तहहरुसँग समन्वय गरी अस्थायी आबासको व्यवस्था गरिनेछ।
- आर्थिक, सामाजिक, लैङ्गिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित ज्येष्ठ नागरिकहरुको स्वास्थ्य बिमालाई प्राथमिकता दिई सोही अनुसार कार्यक्रम लागू गरी स्वास्थ्य क्षेत्रमा सुधार गर्दै लगिनेछ।
- नगरपालिकालाई स्वच्छ र स्वस्थ बनाउन लागू औषध र दुर्व्यसन बिरुद्धको सचेतना कार्यक्रमलाई विस्तार गरिनेछ।
- नगर क्षेत्र भित्रका बालबालिका तथा किशोर किशोरीहरुलाई थप प्रशिक्षित गर्दै लागूऔषध, बालबिबाह, बहुबिबाह, छुवाछुत जस्ता सामाजिक बिकृति तथा कुरीतिको बिरुद्धमा सचेतना र जागरण अभियान सञ्चालन गरिनेछ।
- नगरपालिका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने गैह्र सरकारी संस्थाहरुलाई नगरपालिकामा सूचीकरण तथा नियमन गर्ने व्यवस्था मिलाईनेछ।
- नगरक्षेत्रभित्र हुने महिला हिंसा लगायत चेलिबेटी बेचविखन जस्ता अमानवीय कार्यहरुलाई रोक्न विशेष अभियान सञ्चालन गरिनेछ।
- पारिवारिक संरक्षणबाट बञ्चितिमा परेका बालबालिका लगायत बिभिन्न कारणबाट पिछडिएका ब्यक्तिको संरक्षणका लागि सम्बन्धित क्षेत्रमा काम गर्ने संघ/संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।
- बिभिन्न लक्षित वर्गहरुको सशक्तिकरणका लागि तालिम र क्षमता अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- सामाजिक समावेशिताका आधारमा समुदायमा रहेका यौनिक तथा लैंगिक अल्पसंख्यक, लैगिंक हिंसा पींडित, अपाङ्गता भएका ब्यक्ति, विपन्न, सीमान्तकृत ब्यक्तिहरुको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरण मार्फत सामाजिक रुपमा सशक्त र आर्थिकरुपमा आत्मनिर्भर बनाईने नीति अवलम्बन गरिनेछ।
- समय-समयमा लैङ्गिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता सार्वजनिक जवाफदेहीता प्रवर्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ग्रामीण क्षेत्रका विपन्न, असहाय, गरीब, दलित, जनजाति, आदिबासी, पछाडि पारिएका वर्ग तथा समुदायका महिलाहरुलाई सामूहिक रुपमा आबद्धता गराई जनचेतना जागरण, क्षमता विकास र सामाजिक परिचालनको माध्यमबाट आर्थिक, राजनीतिक र सामाजिक रुपमा सवलीकृत गर्न बिभिन्न आयमूलक कार्यक्रम सञ्चालन गरी क्षमता विकास गराउने नीति लिईनेछ।
- महिलाहरुको समूह गठन गरी उद्यमशीलतका लागि अग्रसर गराउने नीति लिईनेछ।
- एकल महिलाहरुको तथ्याङ्क संकलन तथा समूह गठन गरी उनीहरुको माग र आवश्यकताका आधारमा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने नीतिको निरन्तरता दिइनेछ।
- बालमैत्री नीति बनाउन आवश्यक पहल गरिनेछ।
- प्रत्येक ज्येष्ठ नागरिकलाई आत्म सम्मानकासाथ बाँच्न पाउने वातावरण तयार गर्ने ध्येयले जेष्ठ नागरिकहरुको अन्तरघुलन मार्फत ज्ञान सिप र अनुभवको पुस्तान्तरण गर्न जेष्ठ नागरिक दिवा मिलनकेन्द्रको स्थापना गर्ने नीति लिइनेछ।
- घरेलु हिंसा अन्त्यका लागि दम्पती तथा सासु-बुहारी अन्तरक्रिया कार्यक्रम गरिने छ। सामुदायिक प्रहरीसँगको साझेदारीमा जनचेतनामूलक कार्यक्रमहरुको सञ्चालन गरिनेछ।

## स्वास्थ्य :

- महिला स्वास्थ्यको संवेदनशीलतालाई ध्यानमा राखी नगरका बिभिन्न वडाहरुमा स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ।
- समयमा नै औषधी तथा खोपको आपूर्तिको सुनिश्चितता गरिनेछ।
- स्वास्थ्यकर्मीहरुका लागि बिभिन्न क्षमता विकासका तालिमको व्यवस्था गरिनेछ।
- आवश्यक औषधी खरिद प्रक्रियामा सरलीकरण गरी औषधी आपूर्ति व्यवस्थालाई सुनिश्चित गरिनेछ।
- निरन्तर रुपमा स्वास्थ्य संस्थाहरुको अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था मिलाईनेछ।
- निजी क्षेत्रका अस्पताल तथा फार्मेसीहरुको नियमन, दर्ता तथा नवीकरणको लागि प्रचलित कानूनमा भएको व्यवस्था कडाईका साथ कार्यान्वयन गरिनेछ।
- समाजमा ब्याप्त बाल कुपोषण, महिलाहरुको रक्त अल्पता, नसर्ने रोगहरुको ब्यापकता, प्रजनन स्वास्थ्य लगायतका क्षेत्रमा विशेष ध्यान दिई आवश्यक बजेट विनियोजन गरिनेछ।
- सबै उमेर समूहको जनसंख्यामा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँचमा जोड दिईनेछ।

- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारहरु क्रमशः निर्माण गरिदै लगिनेछ।
- सामूदायिक महिला स्वास्थ्य स्वयमं सेविकाहरुलाई प्रोत्साहन, उत्प्रेरणा र क्षमता अभिबृद्धिका लागि आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ।
- विद्यालय स्वास्थ्य प्रवर्धन क्रियाकलापमा जोड दिईनेछ।
- कुपोषणको रोकथाम गर्न बहुक्षेत्रीय समन्वय र सहकार्य गरी साझा रणनीति अबलम्बन गरिनेछ।
- पुनर्वास नगरपालिकालाई पूर्ण संस्थागत सुत्केरीयुक्त नगरपालिकाको रुपमा घोषणा गर्न बर्थिङ्ग सेन्टरलाई विस्तार गर्नुका साथै बर्थिङ्ग सेन्टरमा कार्यरत दक्ष प्रसुतीकर्मीको क्षमता अभिवृद्धि गर्दै लगिनेछ।
- सिकलसेल, हेमोफिलिया र थलासिमिया रोगको परीक्षण तथा उपचारका लागि आवश्यक कार्यक्रमहरु लागू गरिनेछ।
- जेष्ठ नागरिकहरुको निःशुल्क स्वास्थ्य जाँचका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- लैंगिक विभेद, बालबिबाह, छाउपडी प्रथा, छुवाछुत प्रथा जस्ता सामाजिक बिकृति अन्त्य गर्न तत् सम्बन्धमा भएका बिभिन्न कानूनी व्यवस्था बारे सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै सबैखाले हिंसाविरुद्ध शून्य सहनशीलताको नीति लिईनेछ।
- नगरपालिकामा एक सर्पदंश उपचार केन्द्रको स्थापना गर्नुका साथै रेबिज रोग उपचारका लागि आवश्यक पहल गरिनेछ।
- पुनर्वास नगरपालिका भित्र बसोबास गर्ने नगरबासीहरुका लागि आवश्यक पर्ने रगत रेडक्रसबाट लिदा लाग्ने रकम छुटका लागि रेडक्रससँग समन्वय गरी रगत निःशुल्क हुने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सम्पूर्ण वडा स्वास्थ्य कार्यालयहरुलाई भौतिक रुपमा थप ब्यवस्थित बनाउदै लगिनेछ।
- यस नगरपालिकको वडा नं. ६ मा आधारभूत स्वास्थ्य केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ।

## खानेपानी तथा सरसफाई :

- पुनर्वास नगरपालिकाका हरेक नागरिकलाई शुद्ध पिउने पानीमा पहुँच पुर्याउन नगरपालिका भित्र निर्माण सम्पन्न भईसकेका खानेपानी ट्याङ्की सुचारु गर्न आवश्यक पहल गरिनुका साथै वास प्लान कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।
- नेपाल सरकारको लागानीमा निर्माणाधीन आई.वि.आर.डी., घ गाउँ ढल निकासका लागि सामुदायिक जग्गाको अर्को बिकल्प नभएको हुँदा सो जग्गा प्राप्तीका लागि नेपाल सरकारसँग आवश्यक पहल गरिनेछ।

- जैविक फोहोरबाट घरमै कम्पोस्ट मल बनाउन प्रेरित गर्दै प्रांगारिक खेतिलाई प्रोत्साहित गरिनेछ।
- नगर क्षेत्रभित्र सञ्चालन गरिने योजनाहरुको संक्षिप्त वातावरण अध्ययन, प्रारम्भिक बातावरण परीक्षण, वातावरण प्रभाव मूल्याङ्कन अनिवार्य रुपमा गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।
- पु.न.पा. ११ को डोकेबजार क्षेत्रको फोहोरमैला व्यबस्थापन र सार्वजनिक शौचालय निर्माण गर्ने कार्य अघि बढाईनेछ।
- घरबाट निस्कने जैविक फोहोरको बर्गीकरण गरि व्यवस्थापन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- पुनर्वास नगरपालिकाका हरेक नागरिकलाई शुद्ध पिउने पानीमा पहुँच पुर्याउन नगरपालिका भित्र निर्माण सम्पन्न भईसकेका खानेपानी टयाङ्की सुचारु गर्न आवश्यक पहल चालिनेछ।
- फोहोरमैला व्यवस्थापनका लागि छिमेकी स्थानीय तहहरुसँग समन्वय र सहकार्य गरिनेछ।
- पुनःप्रयोग पुनःउत्पादन लाई प्रोत्साहन गर्दै फोहरलाई स्रोत बाट नै घटाउनको लागि अभियान सञ्चालन गरिनेछ।
- बर्गीकृत फोहरलाई मोहरमा रुपान्तरण गर्न नगरपालिका क्षेत्रभित्र एउटा व्यवस्थित तथा आधूनिक सरसफाई केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ।
- सरसफाई अभियान प्रभावकारी बनाउन सरसफाई सहजकर्ताको परिचालन गर्ने नीति लिइनेछ।

## युवा तथा खेलकुद विकासः

- पुनर्वास रंगशाला निर्माण गर्न आवश्यक कार्ययोजना बनाई प्रदेश सरकार तथा नेपाल सरकारसँग समन्वय गरिनेछ।
- नगर खेलकुद विकास समितिलाई सक्रिय बनाई पुनर्वासको खेलकुद विकासका लागि आवश्यक वजेट विनियोजन गरिनेछ।
- सबै वडामा रहेका खेलमैदानहरुको स्तरोन्नति गरी न्यूनतम सुविधायुक्त बनाउन आवश्यक वजेट विनियोजन गरिनेछ।
- खेलाडीहरुको प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- बिभिन्न वडामा रहेका पार्क तथा खाली जमिनहरुमा खुला ब्यायामशाला तथा ध्यानकेन्द्रहरुको निर्माण कार्यलाई निरन्तरता तथा विस्तार गरिनेछ।

## शिक्षा क्षेत्रः

- “**सभ्य र शिक्षित पुनर्वास नगर, गुणस्तरीय शिक्षामा समतामुलक अवसर**” भन्ने आदर्श वाक्यलाई आधार मान्दै नगरका प्रत्येक विद्यालयहरुमा भौतिक, प्राविधिक तथा वातावरणीय पक्षमा सुधार गरी बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री वातावरण सृजना गरी शिक्षण-सिकाईलाइ थप प्रभावकारी बनाइनेछ।
- शिक्षा सम्बन्धी अधिकारहरुको कार्यान्वयनका लागि आवश्यक कानूनहरु तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ।
- विद्यालयमा दरबन्दी मिलान गरी शिक्षक विद्यार्थी अनुपात तथा कक्षा, विद्यार्थी अनुपात उपयुक्त तुल्याइनेछ।
- शिक्षक दरबन्दी कम भएका विद्यालयहरुमा शिक्षण सहयोग अनुदानको व्यवस्था गरी पठन-पाठन सञ्चालन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- पुनर्वास नगरपालिकालाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा प्रदायक नगरपालिका घोषणा गरिनेछ।
- विद्यालय शिक्षक कर्मचारीहरु तथा विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने कामलाइ निरन्तरता दिइनेछ।
- विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याईनेछ।
- साक्षर पुनर्वासको अवधारणालाई निरन्तरता दिन निरन्तर शिक्षाका कार्यक्रमहरु कार्यान्वयनमा ल्याईनेछ।
- कक्षा ५ र कक्षा ८ को वार्षिक परीक्षा नगरस्तरमा सञ्चालन गरी उत्कृष्ट नतिजा हाँसिल गर्ने विद्यार्थीहरुलाई पुरस्कृत गर्ने नीति लिईनेछ।
- विषम परिस्थितिमा बालबालिकाहरुको सिकाई कार्यलाई निरन्तरता दिन नेपाल सरकार, प्रदेश सरकार र गैर सरकारी संस्थाको समन्वयमा विद्युतीय सामग्री, छापा सामग्रीको प्रयोग एवं बैकल्पिक सिकाईको व्यवस्था गरिनेछ।
- सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि तथा प्रोत्साहनको लागि आधारभुत र माध्यमिक तहका विद्यालयहरु एवं शिक्षकहरु मध्येबाट उत्कृष्ट कार्यसम्पादन भएका विद्यालयहरु र शिक्षकहरु छनौट गरी प्रत्येक बर्ष पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।
- बालविकास, शिक्षक, विद्यालय कर्मचारी, विद्यालय सहयोगी र सामुदायिक सिकाई केन्द्रका सहजकर्ताहरुलाई नगरपालिकाबाट थप प्रोत्साहन सुविधा उपलब्ध गराईने नीतिलाई निरन्तरता दिईनेछ।
- बिद्यार्थीहरुमा लुकेर रहेको प्रतिभाहरुलाई उजागर गरी भविष्यमा उनीहरुको रुची एवं क्षमतालाई मजबुद बनाउदै लैजानका लागि बिभिन्न विधामा नगरस्तरीय प्रतियोगिताहरु सञ्चालन गरी नवप्रतिभाहरुको पहिचान गरिनेछ।

- विद्यालयमा बाल उद्यान निर्माण गर्न प्रोत्साहान गर्ने नीति लिइनेछ।
- विद्यालय निरीक्षण र अनुगमन कार्यलाई नियमित र ब्यवस्थित गरी शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ।
- संस्थागत र सामुदायिक विद्यालयका पदाधिकारीहरुलाई एकै ठाउँमा राखी विद्यालयमा भएका असल अभ्यास र समस्या पहिचान गरी कार्यान्वयन योजना बनाई कार्यान्वयन गरिनेछ।
- नगरपालिका क्षेत्र भित्रका आदिबासी ,दलित तथा विपन्न समुदायका जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक तर्फ उच्च शिक्षा आर्जनका लागि प्रोत्साहन स्वरुप प्रति विद्यार्थी छात्रवृत्ति उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालिलाई व्यवस्थित गर्दै उपलब्ध सेवालाई छिटो छरितो र गुणस्तरीय बनाईनेछ।
- कम्प्युटर नभएका आधारभूत विद्यालयहरुलाई कम्प्युटर उपलब्ध गराइनेछ।
- **One Teacher One Laptop Program** कार्यलाई निरन्तरता दिईनेछ।
- विद्यालयहरुमा कक्षा कोठा व्यवस्थापनमा आधुनिक प्रविधिको जडानलाई निरन्तरता दिईनेछ।
- संघ र प्रदेश सरकारले ल्याएका शिक्षा सम्वन्धि नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।
- दिवा खाजा लगायत स्वास्थ्य,पोषण तथा सरसफाई र स्वच्छता सम्वन्धी कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्रभावकारी बनाईनेछ।
- विद्यालय परिसर भित्र वृक्षारोपण गरी हरियाली बनाईनुका साथै रंगरोगन गरी आकर्षक बनाउन प्रोत्साहन गरिने।
- स्थानीय पाठ्यक्रम बमोजिम स्थानीय पाठ्यपुस्तक तथा पाठ्य सामग्री निर्माण गरी सबै विद्यालयहरुमा लागू गरिनेछ।
- सामुदायिक विद्यालयहरुमा रहेका ई-हाजिरी सिस्टमलाई कार्यान्वयनमा ल्याई शिक्षकको उपस्थिति सम्वन्धी अभिलेखलाई ब्यवस्थित तथा सुधार गरिनेछ।
- आँखा जाँच केन्द्र तथा अस्पतालहरुको सहकार्यमा विद्यार्थी तथा शिक्षकहरुको विद्यालयमै नियमित आँखा जाँच गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- नगरपालिका क्षेत्र भित्र रहेको जनता बहुमुखी क्याम्पसको स्तरोन्नतीका लागि पहल गरिनेछ।
- नगरपालिकाको पुनर्वास जनता मा.वि मा रहेको एक मात्र स्रोत कक्षा लाई थप ब्यवस्थित गर्दै तह बढाउन आवश्यक पहल गरिनेछ।
- शिक्षालाई प्रत्यक्ष रुपमा नकारात्मक प्रभाव पार्ने सामाजिक कुरीति,छाडा संस्कृतिलाई नियन्त्रण गरी शिक्षित र समुन्नत समाजको निर्माणका लागि सामाजिक वातावरण तयार पारिनेछ ।
- सहिद गोविन्द गौतमका सन्ततीलाई छात्रवृती निरन्तरता दिइ सहिद गोविन्द वि.क. का सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराइनेछ।

- विद्यार्थी वृत्ती मार्गदर्शन कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- **Knowledge Economy** को प्रबर्धन गर्न प्रारम्भिक बालबिकास **(ECED)** कक्षाहरुमा श्रब्य-दृश्य पाठ्य सामग्रीहरुको व्यवस्था गरिनेछ।
- सार्वजनिक गुठीबाट सञ्चालित विद्यालयलाई थप व्यवस्थित बनाउने नीति लिइनेछ।
- **समावेशी शिक्षा, सीप र प्रविधियुक्त सहर, पुनर्वासबासी नागरिकको रहर** भन्ने नाराका साथ प्रविधिमैत्री शिक्षा प्रणाली अवलम्बन गरी बिद्यार्थीहरुमा अतिरिक्त ज्ञान, सिप र ब्यवहारको विकास गर्ने नीति लिइनेछ।

# पूर्वाधार विकासतर्फ

## भौतिक तर्फ :

- नगर क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि स्थानीय मर्मत सम्भार कोषको व्यवस्था गर्न आवश्यक प्रक्रिया अगाडि बढाईनेछ।
- नगर यातायात गुरुयोजना (Municipal Transportation Master Plan-MTMP) अद्यावधिक गरिनेछ।
- प्रदेश सरकार र नेपाल सरकारको बहुवर्षीय योजनामा परेका ठेक्का भई केही काम सम्पन्न भई स्थगित भएका सडकको निरन्तरताका लागि प्रदेश तथा नेपाल सरकार सँग आवश्यक पहल गरिनेछ।
- निर्माण कार्य निरन्तर रही सम्पन्न हुन नसकेका सम्पूर्ण कालोपत्रे सडक र भवन निर्माणका योजनालाई प्राथमिकताका आधारमा निरन्तरता दिईनेछ।
- आन्तरिक पर्यटन प्रबर्धन गर्न पर्यटकीय पूर्वाधारको विकास गर्ने नीति लिइनेछ।
- नदी तथा बाढी नियन्त्रणका लागि तटबन्धन गर्न नेपाल सरकारको **जनताको तटबन्ध कार्यक्रम**सँग समन्वय गरी आवश्यक पहल गरिनेछ।
- पुनर्वास रंगशाला र कोल्ड स्टोर निर्माण कार्यलाई प्राथमिकतामा राखी आवश्यक प्रक्रिया अघि बढाईनेछ।
- **"गाउँ नगर सडक विस्तार, विकास र समृद्धिको मूल आधार"** भन्ने मूल लक्ष्य सहित ग्रामिण क्षेत्रको पूर्वाधार विकासलाई उत्पादन मूलक र स्थानीय अर्थतन्त्रसँग जोड्न सार्वजनिक नीजि साझेदारीका आधारमा विकास योजनाहरु सञ्चालन गर्ने नीति लिईनेछ।
- अपांगमैत्री भवन निर्माण, बालमैत्री भवन निर्माण र Child Care Center निर्माण गर्न आवश्यक पहल गरिनुका साथै शिशु स्तनपान कक्ष सहितको सरकारी भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

- भौतिक संरचनाहरु निर्माण गर्दा अपाङ्गमैत्री बनाईने कुरामा ध्यान दिइनेछ।
- सडक बत्ती जडान तथा मर्मत कार्यलाई ब्यवस्थित गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- पुनर्वास नगरपालिकामा निर्माण भईरहेको ३३ KV प्रसारण लाईनको सब-स्टेशन निर्माण कार्य समयमै सम्पन्न गरी सञ्चालन गर्न सम्बन्धित निकायसँग निरन्तर समन्वय गरिनेछ।
- अब्यवस्थित रुपमा विस्तार भएको विद्युत प्रसारण लाइनलाई ब्यवस्थित गर्न बिद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरिनेछ।
- नगरपालिका क्षेत्रभित्र विस्तार हुन नसकेको ठाउँमा विद्युत विस्तार गरी सबै जनताको विद्युतमा पहुँच पुर्याउन पहल गरिनेछ।
- चिनी मील देखि बलभद्रबस्तीसम्मको सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- लोकतान्त्रिक मार्गको स्तरोन्नति गर्न पहल गरिनेछ।

## वन, वातावरण तथा विपद व्यवस्थापन :

- नगरको वातावरणीय स्वच्छताका लागि सव-डिभिजन वन कार्यालय, बिभिन्न संघ/संस्था र निजी क्षेत्रको सहकार्यमा सार्वजनिक-निजी जमिनमा गरिने वृक्षारोपण कार्यलाई निरन्तरता दिईनेछ।
- गोबरग्याँस तथा ईन्डक्शन चुलो (बिद्युतीय चुलो) को प्रयोगलाई प्रोत्साहन गरिनेछ।
- जल तथा मौसम पूर्वानुमान महाशाखाको फिल्ड अफिस अत्तरिया लगायत बिभिन्न विकास साझेदार संघ/संस्थाहरुको सहकार्यमा दोदा नदीको जोखिम प्रभावित क्षेत्र (Risk Polygon) निर्धारण गरी नक्शाङ्कन कार्यलाई निरन्तरता दिइनेछ। सो नदीबाट उत्पन्न हुनसक्ने जोखिम सम्बन्धी सूचना समुदायसम्म प्रवाह हुने पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाईनेछ।
- नगरपालिका, वडा, विद्यालय तथा समुदायस्तरमा आपतकालिन सामग्रीको खरिद तथा व्यवस्थापन, पूर्वतयारी र क्षमता विकास जस्ता कार्यहरू सञ्चालन गरिनेछ।
- विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न वडा एवम् समुदायस्तरमा रहेका विपद् तथा जलवायु उत्थानशील समितिहरुको क्षमता अभिवृद्धि गर्दै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक गरी कार्यान्वयन गरिनेछ ।
- समुदायस्तरीय विपद् व्यवस्थापन समितिहरू तथा अन्य सरोकारवाला संघ/संस्थाहरूको सक्रिय सहभागितामा बाढी, भूकम्प, आगलागि लगायतका बिभिन्न प्रकोपहरूको कृत्रिम घटनाको अभ्यास कार्यलाइ निरन्तरता दिइनेछ। विश्व वातावरण दिवसलाइ बाढीको कृत्रिम घटना अभ्यासको दिवसको रुपमा मनाइनेछ।
- जोखिम संवेदनशील भू-उपयोग योजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।
- स्थानीय आपतकालिन कार्य सञ्चाचालन केन्द २४सै घण्टा सञ्चालन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

- विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित नीतिनियम तथा मापदण्ड तयार गर्नुका साथै प्रचलित नियम/कानून/कार्यविधिलाई अध्यावधिक गरिनेछ।
- स्थानीय पाठ्क्रममा विपद ब्यबस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी विषयवस्तु अध्यावधिक गरिनेछ।
- विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन तथा उत्थानशीलता सम्बन्धी विषयवस्तुलाई प्राथमिकताका साथ समेटी, क्षमता अभिवृद्धि तथा अतिरिक्त क्रियाकलाप मार्फत सचेतनामूलक कार्यक्रमलाइ निरन्तरता दिइनेछ।
- विकास निर्माण तथा भौतिक संरचना निर्माण गर्दा जलवायु परिवर्तनका सम्भावित जोखिमहरु लाई मध्यनजर गर्दै बिपद् तथा जलवायुमैत्री विकास अवधारणालाई आत्मसात गरी **सवल स्थानीय सरकार, दिगो विकासमा नागरिकको सरोकार** भन्ने नाराका साथ दिगो भौतिक विकास निर्माणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- डुवानको जोखिम हुने स्थानहरुमा निर्माण हुने घरहरु सुरक्षित निर्माण गर्न/गराउन समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- विकास साझेदारहरुको समन्वय र सहकार्यमा आवश्यकता अनुसार सुरक्षित आश्रयस्थल (सेफ हाउस) निर्माण गरिनेछ।
- दोदा नदीबाट कटान एवम् डुवान हुने क्षेत्रमा समुदायको सहभागितामा जैविक तटबन्ध निर्माण कार्यलाई विस्तार गरिनेछ।
- जोखिम हस्तान्तरण अन्तर्गत कृषि तथा पशु बिमामा रहेका समस्यालाई समाधान गर्न तथा समुदायको सहभागितालाई बढावा दिदै सूचकाङ्कमा आधारित बिमा कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।
- परम्परागत खेती प्रणालीलाई सुधार गर्दै जलवायुमैत्री कृषि प्रणाली अवलम्बन गर्न प्रोत्साहन गरिनेछ।
- नगरपालिकाको जोखिम नक्शांकन कार्य अध्यावधिक गरी उच्च जोखिम क्षेत्रमा आवासको लागि सुरक्षित स्थानहरु पहिचान गरिनेछ।
- यस नगरपालिका समेत सदस्य रहेको दोदा बहुसरोकार मञ्चको मार्गदर्शन निर्देशिका अनुसार दोदा जलाधारमा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन अन्य सदस्य पालिका र विकास साझेदारहरुसित सहकार्य गरिनेछ।
- वडा र नगरपालिकास्तरमा संकटासन्नता तथा क्षमता विश्लेषण गरी आवश्यकता अनुसारका बहुप्रकोपीय पूर्वतयारीका कार्यहरु गरिनेछ।
- नगरपालिका क्षेत्र भित्रका सामुदायिक वनहरुलाई करको दायारामा ल्याउने नीतिको निर्माण गरिनेछ।
- पूर्वानूमानमा आधारित पूर्व कार्य (Early Action)लाई आवश्यकताअनुसार निरन्तरता दिइनेछ ।

- जल तथा मौसम विज्ञान विभाग लगायत विकास साझेदारसँगको सहकार्यमा यस नगरपालिकामा प्रभावमा आधारित पूर्वानुमान सेवा सुरुवात गरिनेछ।
- समुदायमा हुने गरेका आगलागीका घटना कम गर्न गृहिणी महिलाहरुलाई आगलागी नियन्त्रण सम्बन्धी नमूना तालिमबाट प्रशिक्षित गरिनेछ।

# सुशासन तथा संस्थागत क्षमता विकास सम्वन्धि

**मानव पूंजी विकास तथा संस्थागत क्षमता विकास**

- नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त, दुरुस्त, विश्वशनीय, क्षमतायुक्त र प्रभावकारी बनाउँदै अत्यावश्यक रिक्त दरवन्दीहरुमा कर्मचारी पदपूर्तिका लागि आवश्यक पहल गरिनेछ।
- नगरपालिका र वडाका सबै कर्मचारीहरुको कार्यविवरण बनाई लागू गरिनेछ र त्रैमासिक रुपमा कार्य प्रगतिको प्रतिवेदन पेश गर्ने व्यवस्था गरिनेछ।
- नगर कार्यपालिकाको कार्यसम्पादनलाई छिटो छरितो पारदर्शी एवम् सेवाग्राहीमैत्री तुल्याउन **Digital Governance** पद्धतिको अनुशरण गर्ने नीति लिइनेछ।
- नगरपालिका अन्तर्गत स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको जीवन बिमा तथा कर्मचारी कल्याण कोषको सञ्चालन गर्न कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधिको निर्माण तथा कार्यान्वयन गर्ने नीति लिइनेछ।
- राष्ट्रसेवकहरुमा कामप्रति तत्पर रहने, सेवाभाव सहित समयमै कार्य सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने कार्यसंस्कृति (Work Culture) को विकास गरिनेछ। राष्ट्रसेवकहरुमा ज्ञान, सिप र पेशागत मर्यादाको विकास गरी नगरपालिकाबाट प्रदान गरिने सेवालाई सेवाग्राहीमैत्री बनाईनेछ।
- उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति तथा अन्य समितिका ब्यक्तिहरुलाइ पुरस्कृत गर्दै थप उत्प्रेरित गर्ने नीति अवलम्बन गरिनेछ।
- जनप्रतिनिधि, पदाधिकारीहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि बिभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमको सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- जनप्रतिनिधि, पदाधिकारीहरु तथा कर्मचारीहरुबीच सुमधुर सम्बन्ध कायम गरी छिमेकी सरकारको मान्यतानुरुप जनमैत्री सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन समय-समयमा अन्तरक्रिया, छलफल तथा बिचार विमर्श लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरपालिकाबाट सञ्चालन हुने सिप विकास, क्षमता विकास र नेतृत्व विकास जस्ता मानव संसाधन विकासका तालिमहरु सञ्चालन गर्दा पूर्ण रुपमा तालिमको उपादेयता तथा गुणस्तरियतालाई ध्यान दिई त्यस्ता कार्यक्रमको प्रतिफलसँग आवद्धता गर्ने नीति लिइनेछ।

## प्रशासन सुधार तर्फः

- कर्मचारी प्रशासनलाई चुस्त, दुरुस्त र समय सापेक्ष बनाउन बहुसीपयुक्त जनशक्ति तयार गर्ने नीति लिईनेछ।
- सँगठनात्मक संरचना अनुसार कर्मचारीहरुको उचित व्यवस्थापन गरी  गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गरिनेछ।
- स्थानीय सदाचार कायम गर्न भ्रष्टाचारमा शून्य सहनशीलतालताको नीति अवलम्बन गरिनेछ।
- नगरपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राखी सेवाप्रवाहमा थप प्रभावकारिता ल्याउन नेपाल सरकारले तोकेको न्यूनतम तलबमानका आधारमा एकरुपता कायम गरी सामाजिक सुरक्षा कोषमा समेत आवद्ध गर्ने नीति लिईनेछ।
- नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुलाई पद तथा कार्यक्षमता अनुरुप उपयुक्त जिम्मेवारी दिने नीति लिईनेछ।

## न्याय सम्पादन सम्बन्धीः

- **न्याय सम्पादन ढीलो हुनु, न्याय नपाउनु सरह हो** भन्ने मान्यतालाई आत्मसात गर्दै न्यायिक समितिबाट छिटो छरितो र सर्वसुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिईनेछ।
- प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रहरुलाइ थप ब्यवस्थित र प्रभावकारी बनाउदै समुदायमा उत्पन्न हुने सामान्य प्रकृतिका बिबादहरुलाई सम्बन्धित वडामा नै समाधान गर्ने वातावरण सिर्जना गरिनेछ।
- सामाजिक-सांस्कृतिक सहिष्णुता कायम गर्नका लागि आमा समूहहरु, बाल तथा युवा क्लबहरु, खेलकुद क्लब तथा समितिहरु, पास्चर, गुरुवा, भलमन्सा, धर्म गुरु आदिलाई सचेतना गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- नगरपालिका भित्रका माध्यमिक तहका बिद्यालयहरुमा अध्ययनरत छात्र-छात्राहरुलाई जागरुक बनाउन सञ्चालन गरिदै आएको न्यायिक सचेतना कार्यक्रमलाइ निरन्तरता दिइनेछ।
- बिभिन्न निजी तथा गैर सरकारी संघ/संस्थाहरुको साझेदारीमा नगरबासी जनताको न्यायमा सहज पहुँचको लागि सीमान्तकृत समुदाय तथा लक्षित वर्गलाइ समुदाय स्तरमा नै कानूनी सचेतना उजागर गर्ने कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

## उपभोक्ता हित संरक्षण तथा बजार अनुगमनः

- बजार अनुगमन कार्यलाई प्राथमिकतामा राखी बजारमा हुने गुणस्तरहीन खाद्य बस्तुको बिक्रि-वितरण, कृत्रिम अभाव सिर्जना, कालो बजारी लगायतका क्रियाकलापलाई न्यूनीकरण गर्न आवश्यक चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- बजार अनुगमनको माध्यमबाट नगरपालिकामा अनिवार्य रुपमा व्यवसाय दर्ता गर्न लगाई राजस्वको दायरा बृद्धि गरिनेछ।
- सीमामा रहेका भारतीय बजारबाट आयात हुने गुणस्तरहीन बस्तुहरुको प्रयोगलाई न्यूनीकरन गर्न प्रभावकारी रुपमा बजार अनुगमन गरिनेछ ।

## क आन्तरिक लेखा परीक्षण तथा वित्तीय सुशासन तर्फः

- चौमासिक रुपमा आन्तरिक लेखा परीक्षण गरी चौमासिक प्रतिवेदन पेश गर्ने र उक्त प्रतिवेदन माथि गहन तथा समालोचनात्मक समिक्षा गर्दै लेखापरीक्षणबाट औंल्याइएका विषयहरुमा गम्भीरतापूर्वक समीक्षा गरी आन्तरिक लेखापालनलाई चुस्त र दुरुस्त बनाउने नीति लिइनेछ।
- वित्तीय सुशासन कायम गर्न बेरुजु न्यूनीकरण र फछ्र्यौट गर्ने दायित्वलाई प्राथमिकतामा राखी आर्थिक अनुशासन कायम राख्न जोड दिइनेछ।

## वित्तीय क्षेत्र तथा आर्थिक अनुशासन तर्फ :

- वित्तीय संस्थामा हरेक ब्यक्तिको सहज पहुँच पुर्याउन **एक ब्यक्ति एक खाता** नीतिलाई निरन्तरता दिई बैंक मार्फत वित्तीय कारोबार गर्न बिशेष जोड दिईनेछ।
- नगरपालिकाको नाममा कायम बेरुजुलाई घटाँउदै शून्य बेरुजुमा झार्ने नीति अवलम्बन गरिनेछ।
- आवश्यकतानुसार वित्तीय साक्षरताका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## सूचना तथा सञ्चार प्रविधि तर्फ :

- **Move Data No people** भन्ने सेवा प्रवाहको आधूनिक मान्यता बमोजिम स्थानीय सुशासन कायम गर्न विद्युतीय शासन प्रणालीको अंगीकार गर्दै नगरवासीहरुलाई प्रदान गरिने सेवा प्रवाहमा सहजताका लागि एकल बिन्दू प्रवाह सेवा प्रणाली **(One Stop Service Delivery System)** पूर्ण रुपमा लागू गरिनेछ।
- नगरपालिकाको कार्यालय तथा नगरपालिका अन्तर्गतका कार्यालयहरुमा जडान भएको ईन्टरनेट तथा ईन्ट्रानेट सेवालाई प्रभावकारी बनाईनेछ।
- डिजिटल नागरिक वडापत्र, सर्भर लगायतका जडान भएका प्रविधिको उच्चतम प्रयोग गरिनेछ।
- घर नक्शा पासलाई सहज बनाउन सफ्टवेयरको प्रयोग मार्फत प्रविधिमैत्री बनाईनेछ।

- पुनर्वास नगरपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा ई-हाजिरी जडान तथा व्यवस्थापन गरिनेछ।
- शान्ति सुरक्षा तथा अमनचयनका साथै अपराध न्यूनीकरण र नियन्त्रणका लागि सम्भाबित जोखिमयुक्त स्थानहरुमा **CCTV** क्यामरा जडान कार्यलाई निरन्तरता दिईनेछ।

## उद्योग बाणिज्य तथा सामुदायिक विकास :

- मानवता, सामाजिक न्याय तथा सद्भावयुक्त नगरपालिका निर्माण गर्न मानव विकासमा क्रियाशील संघ/संस्थाहरुको सहकार्यमा जनचेतनामूलक अभियानहरु सञ्चालन गरिनेछ।
- स्थानीय तहमा स्थापना भएका उद्योगहरुको तथ्याङ्क संकलन गरी निष्कृय उद्योगहरुलाई सञ्चालनमा ल्याउन विशेष बातावरण तयार गरिनेछ।
- स्थानीय स्तरमा उत्पादित बस्तुहरुको बजारीकरणको वातावरण तयार गरिनेछ।
- उपभोक्ता हित संरक्षणका लागि उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थनीय स्तरमा घरेलु तथा साना उद्योगहरु स्थापना गर्ने वातावरण सिर्जना गरिनेछ।
- बिभिन्न कृषि मेला तथा हाट बजारहरुमा बिक्रीका लागि राखिने खाद्यान्न तथा तरकारीहरु खानयोग्य र बिषादीमुक्त रहेको कुरामा उपभोक्तालाई आश्वस्त तुल्याउन नियमित बिषादी परीक्षण तथा बजार अनुगमन गर्ने नीति लिइनेछ।
- अनियन्त्रित रुपमा आयात हुने बिषादीयुक्त खाद्यान्नहरुमा रोक लगाउने नीति लिइनेछ।

## विविध :

- नेपाल रेडक्रस सोसाईटी, पुनर्वास उपशाखाको प्रभाबकारी सञ्चालनका लागि आवश्यक सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।
- सीमा क्षेत्रको घरजग्गा तथा खेतीयोग्य जग्गा समेत धितो राखी कर्जा उपलब्ध गराउने सम्बन्धमा माथिल्लो निकायमा समन्वय गरी औपचारिक बित्तीय प्रणालीवाट सहज रुपमा कर्जा पाउने वातावरण बनाउन पहल गरिनेछ।
- भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अब्यवस्थित वसोवासीहरुलाई जग्गाधनी प्रमाणपूर्जा वितरणका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्नुका साथै सोको लागि आवश्यक कानूनी प्रक्रिया पुरा गर्ने निती अवलम्बन गरिनेछ।
- छाडा चौपाया र मानव-बन्यजन्तुबीचको द्वन्द्व (Human-Wild Life Conflict) न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

# पुनर्वास नगरपालिकाको आर्थिक विधेयक, २०८२

## पुनर्वास नगरपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

नगर सभामा पेश गरेको मितिः २०८२/०३/१०

**प्रस्तावनाः**

पुनर्वास नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम पुनर्वास नगरपालिकाको नगरसभामा यो **विधेयक** प्रस्तुत गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस **विधेयक** को नाम "आर्थिक विधेयक, २०८२" रहेको छ।

(२) यो **विधेयक** २०८२ साल श्रावण १ गतेदेखि पुनर्वास नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

२. सम्पति करः नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूलउपर गरिनेछ।

३. भूमि कर (मालपोत): नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असूलउपर गरिनेछ।

४. घर वहाल करः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूलउपर गरिनेछ।

५. व्यवसाय करः नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूलउपर गरिनेछ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूलउपर गरिनेछ।

७. सवारी साधन करः नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असूलउपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यावस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. विज्ञापन करः नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. मनोरञ्जन करः नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असूलउपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यावस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. बहाल बिटौरी शुल्कः नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूलउपर गरिनेछ।

११. सवारी पार्किङ्ग शुल्कः नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ्ग शुल्क लगाइने र असूलउपर गरिनेछ।

१२. सेवा शुल्क, दस्तुरः नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूलउपर गरिनेछ।

१३. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१४. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ।

धन्यवाद ।